आज मिति २०७९ साल पौष महिनाको २१ गते शुक्रवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा नगर कार्यपालिकाको "तेह्रौं" बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप-प्रमुख | | श्री पद्मा गुरुङ |
| ३, | प्र. प्र. अधिकृत | | श्री इमनाथ कँडेल |
| ४, | वडा अध्यक्ष | (वडा नं. १) | श्री दुर्गा बहादुर बुढाथोकी |
| ५, | — " — | (२) | श्री मदन बहादुर राना |
| ६, | — " — | (३) | श्री चित्र बहादुर दनाई |
| ७, | — " — | (४) | श्री राम बहादुर गुरुङ |
| ८, | — " — | (५) | श्री इन्द्र बहादुर गुरुङ |
| ९, | — " — | (६) | श्री प्रकाश थापा |
| १०, | — " — | (७) | श्री ऋषिराम बस्नेत |
| ११, | — " — | (८) | श्री पवित्रा थापा राना |
| १२, | — " — | (९) | श्री खुशी जङ गुरुङ |
| १३, | — " — | (१०) | श्री गंगा बहादुर थापा |
| १४, | — " — | (११) | श्री शिव प्रसाद जोशी |
| १५, | कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा |
| १६, | — " — | | श्री श्रीनाथ दुलाल |
| १७, | — " — | | श्री कल्पना थापा बोहरा |
| १८, | — " — | | श्री विमला न्यौपाने अधिकारी |
| १९, | — " — | | श्री सुक माया गुरुङ (अनुपस्थित) |
| २०, | — " — | | श्री सुक माया घर्ती |
| २१, | — " — | | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारी

| | | |
|---|---|---|
| २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २३, | अधिकृत | श्री गोविन्द बहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७९ पुस २९ गतेको बैठकका प्रस्तावहरु***

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. बेसीशहर नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सम्बन्धमा ।
३. चालु आ.व.को सडक बोर्डतर्फको योजना छनौट सम्बन्धमा ।
४. जेष्ठ नागरिक लक्षित कार्यक्रम सम्बन्धमा ।
५. वडास्तरीय योजना संशोधन सम्बन्धमा ।
६. कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
७. विविध
   - सडक मापदण्ड संशोधन सम्बन्धमा ।
   - गुनासो पोटिका राख्ने/टोल फि नं लिने सम्बन्धमा ।
   - निर्णय अनुमोदन सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**
मिति २०७९ पुस २२ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थावारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : बेसीशहर नगरपालिकाको संस्थागत क्षमता स्वमुल्याङ्कनको नतिजा सम्बन्धमा ।**
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Self-Assessment_LISA ) कार्यविधि २०७७ वमोजिम यस बेसीशहर नगरपालिकाले गत आर्थिक बर्ष २०७८।७९ मा सम्पादन गरेका कार्यहरुको कार्यप्रक्रिया र उपलब्धीहरुको बारेमा चालु आ.व. २०७९।८० मा कार्यविधि वमोजिम सूचकगत रुपमा मूल्याङ्कन गर्दा प्राप्त भएको देहाय वमोजिमको नतिजा स्वीकृत गरी तोकिएको समयावधी भित्रै सार्वजनिक गर्ने निर्णय गरियो ।
देहाय
**(क) जम्मा प्राप्ताङ्क : ७५.२५%**
(१)समग्र स्थिति: ७९.७६%
(२)प्रक्रियागत स्थिति : ७०.५९%
(३)परिमाणात्मक स्थिति : ७६.६७%
**(ख)क्षेत्रगत सूचकहरुमा प्राप्त अंक**
१.शासकीय प्रबन्ध: ९४.४४%

२.संगठन तथा प्रशासन: ६८.७५%
३.बार्षिक बजेट तथा योजना व्यवस्थापन: ६८.१८%
४.वित्तीय एवम् आर्थिक व्यवस्थापन: ८६.३६%
५.सेवा प्रवाह: ६८.७५%
६.न्यायिक कार्यसम्पादन: ९२.८६%
७.भौतिक पूर्वाधार: ८२.६९%
८.सामाजिक समावेशीकरण: ६७.५%
९.वातावरण संरक्षण तथा विपद् व्यवस्थापन: ६३.८९%
१०.सहकार्य र समन्वय: ५८.३३%

**निर्णय नं. ३ : चालु आ.व.को सडक बोर्डतर्फको योजना छनौट सम्बन्धमा ।**

सडक बोर्ड नेपाल मिनभवन काठमाण्डौको च.नं मिति . को प्राप्त पत्रानुसार चालु आ.व. २०७९।८० को स्थानीय सडक मर्मत सम्भार कार्यको लागि व.उ.शि. नं ३३७३१०११३ बाट रु. ६७,००,००० (सतसठ्ठी लाख मात्र) लाख बजेट स्वीकृत भएको जानकारी प्राप्त भएको हुँदा देहाय वमोजिमको सडक आयोजना छनौट गरी सडक बोर्डको सडक मर्मत सम्भार कार्यक्रम कार्यान्वयन मार्गदर्शन वमोजिम २०७९ माघ मसान्त भित्रै बार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिको लागि पेश गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.सं | सडकको नाम | कामको विवरण | सडक बोर्डको रकम रु | समपुरक कोष रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | सिलाङेमोड (चिसापानी र पुरानोकोट जाने दोबाटो) पात्लेगरा- चम्डिला- पुरानोकोट सडक बेनपा ४ र २ | सडकको मर्मत सुधार | ६७००००० | २८७१४३० | ९५७१४३० |

**निर्णय नं. ४ : जेष्ठ नागरिक लक्षित कार्यक्रम सम्बन्धमा ।**

चालु आ.व.मा अ.ल्या शिर्षकबाट जेष्ठ नागरिक लक्षित कार्यक्रमतर्फ विनियोजित रकम रु. ५ लाख बाट सबै वडाहरुले ब्ल्याङ्केट खरिद गरी विपन्न जेष्ठ नागरिकहरुलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : आयोजना/ कार्यक्रम संशोधन/ब्रेक डाउन/एकिकरण सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० का देहायका नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रम देहाय वमोजिम संशोधन, रकमान्तर, एकिकरण तथा ब्रेक डाउन गर्ने निर्णय गरियो ।

देहाय

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.फुटकर योजना तथा | ३००००० | १.१ मोटरबाटो सरसफाईका लागि जेसिवी | १३५०० |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०९/२९ को बैठक

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| कार्यक्रम, बेनपा १ | | प्रयोग, बेनपा १<br>१.२ तिर्थ बहादुर कमरलाई उपचारार्थ सहयोग | ५००० |
| २.अन्नपूर्ण मावि खेलमैदान संरक्षण, बेनपा ५ | २००००० | २. वडा कार्यालय कम्पाउण्ड तथा गेट निर्माण, बेनपा ५ | २००००० |
| ३. स्वर्ण महोत्सव, अन्नपूर्ण मावि बेनपा ५<br>पुनश्चः २ र ३ नं को हकमा २०७९।९।२२ को कार्यपालिका बैठकको निर्णय संशोधन भएको) | ३००००० | ३.१ ३३ औं अन्नपूर्ण कप फुटबल प्रतियोगिता सञ्चालन तथा खेलमैदान सरसफाई, बेनपा ५<br>३.२ वडा कार्यालय कम्पाउण्ड तथा गेट निर्माण, बेनपा ५ | २०००००<br>१००००० |

**निर्णय नं. ६ : कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

बेशीसहर नगरपालिकामा अस्थायी तथा करार सेवामा कार्यरत अनुसूचीमा संलग्न कर्मचारीहरुको म्याद २०७९ पुस मसान्तमा समाप्त हुने हुँदा म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी २०८० असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : गुनासो पेटिका तथा टोल फि नं सम्बन्धमा ।**

सेवाग्राहीहरुको गुनासो सम्बोधनको लागि नगरपालिकाको कार्यालयमा गुनासो पेटिका राख्ने तथा नगरपालिकाको नाममा टोल फि नं लिने निर्णय गरियो ।

**निर्णय नं. ८ : सडक मापदण्ड संशोधन सम्बन्धमा ।**

देहाय वमोजिमको सडकको सडक मापदण्ड देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| सडकको नाम | साविक मापदण्ड | कायम गरिएको मापदण्ड | कैफियत |
|---|---|---|---|
| रिङरोडदेखि बुद्ध मेमोरियलसम्मको सडक बेनपा ८ | ६ मिटर | ४ मिटर | |

**निर्णय नं. ९ : निर्णय अनुमोदन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०७९।०९।२७ को बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।